# खश–सम्राट् नागराज र श्रीपाली वंशावली

—पूर्णप्रकाश नेपाल 'यात्री'

## १. प्राचीन तथा मध्यकाल

### १.१. परिचय

प्रस्तुत सन्दर्भ 'नृवंशशास्त्र'संग अप्रत्यक्ष रूपमा सम्बन्धित रहेको छ । नेपालमा नृवंशशास्त्रको वैज्ञानिक औ सुरुचिपूर्ण अध्ययनको सजिलोका लागि प्रस्तुत प्रयास लाभदायक हुन सक्तछ । त्यसउसले यस सूक्ष्म प्रयासद्वारा नृवंशशास्त्रका वर्चस्वमा आशानुकूल प्रकाश पर्ला भन्ने अपेक्षा राखिएको छ ।

### १.२. विषय प्रवेश

नेपाली समाज-संस्कृतिका निजस्व एवं वर्चस्वमाथि केही अंशमा प्रकाश पार्न सक्छ मानवशास्त्रीय समाजशास्त्रीय सैद्धान्तिक अध्ययन अन्वेषणले । तसर्थ नेपालमा मानवशास्त्र समाजशास्त्रको पृष्ठभूमि निर्विवाद नृवंशशास्त्रमा रहेको देख्ने प्रस्तोताको दृष्टिकोण अनुकूल यस सन्दर्भको विषय चयन गरी प्रस्तुत गर्न अग्रसर भएको छ। अतएव लहरो तान्दा पहरो गर्जने उखान अनुसार यो प्रस्तुतीकरण मूलतः मानव-शास्त्रसँग सम्बद्ध छ भन्नु उचित हुनेछ। तथापि कतिपय राष्ट्रिय जनजाति र वंशानुवंशमध्ये एक समुदाय वंशवृक्षको इयत्ता मात्र प्रकाश पार्ने उद्देश्य रहेकोले मानवशास्त्र-समाजशास्त्रको एक अङ्ग नृवंशशास्त्र अन्तर्गत नै छलफल सीमित रहनेछ । यस छलफलमा मुख्यतः मानव प्रजाति-शास्त्रमा विश्वास मात्र लायक वर्चस्वका केही आधारभूत मान्यतामाथि प्रकाश पार्ने प्रयत्न गरिनेछ । त्यसमा पनि नेपालीकरणका केही कारकमै गन्तव्य सीमित रहेको छ । यसको पूर्णताको लागि दुई भागमा बाँडी अध्ययन गरिंदैछ।

### १.३. अध्ययनको उत्पत्ति

नेपालको निजी मान्यता अनुरूप मानव प्रजाति-शास्त्रको अध्ययन गर्दा मानवशास्त्रका दुवै पक्षको समान स्वागत गर्न आवश्यक पर्दछ । जस्तो– यायावर मानव एवं भूमिपुत्र मानव । नेपालमा भूमिपुत्र मानवको बाहुल्यता छ भन्ने सत्यता सर्वथा स्वीकार्य छ । यो मान्यता शतांश सत्यपरक बुझिन्छ । तथापि पूर्वाचार्यहरूले अथवा जो जति मित्रवर विद्वानहरूले नेपालमा मानवशास्त्रको अध्ययन गरे त्यसमा कतिपय प्रकारान्तर बाझिन सम्भव छ तापनि निम्नतम एक-डेढ हजार वर्षको आधार वर्ष राखी यायावर मानव एवं भूमिपुत्र मानवको वर्गीकरण गर्दा तथ्यात्मक हुनु वांछनीय हुनेछ । वस्तुतः जे जसरी मौलिकताका प्रकीर्णहरू उज्यालिन सक्छन् त्यसो गर्नु युगको माग भन्न पनि सकिने छ । तसर्थ नेपालका भूमिपुत्रहरूमा एक अथवा दुई समु-दायका प्रजातीय विशेषतामाथि केही अंशमा प्रकाश पार्नसक्ता बाँकी समुदायका विशेषतावारे जानकारी पाउने जिज्ञासा पैदा हुन्छ ।

मौलिक दृष्टिकोणबाट नेपालमा मानवशास्त्र-सम्बन्धी अध्ययन गर्दा व्यवहारमा यायावर मानव एवं भूमिपुत्र मानव उत्तिकै सम्मानित रहे तापनि नीतिगत कुरामा भने भेद राख्नु कल्याणदायी हुनेछ। कल्याणदायी कुन अर्थमा भने त्यसमा विश्वसनीय एउटा तथ्य अविस्मर-णीय छ त्यो हो राष्ट्रिय जातित्वको निर्माणमा यायावर

मानवको उदारताभन्दा भूमिपुत्र मानवको अनुदारता श्लाघ्य हुन आउनु। यो पार्थक्यलाई परापूर्वदेखि रही आएको भौगोलिक विशेषताको छाप भनेमा शायदै अत्युक्ति होला। वस्तुत: यस जोड दिलाइको तात्पर्य हो नेपालमा फिरन्तेवर्गलेभन्दा त्यहींका आदिवासीवर्गले राष्ट्रिय जातित्व-को निर्माण एवं संस्कृतिको निर्माण र राष्ट्रस्वरूपको निर्माणमा जीवन्त योगदान पुऱ्याएको छ।

पूर्वोक्त भेद अनुसार नेपालमा भूमिपुत्र मानवका वंशको अध्ययन प्रारम्भिक अवस्थामा छ। पूर्ववर्ती अध्ययनहरू प्रथमकोटिकै मानववर्गका सम्बन्धमा प्रतिबद्ध रहेका बुझिन्छन्। त्यस अनुसार राष्ट्रमा भूमिपुत्र मानवको अस्तित्व शून्य प्राय: मानिन्छ। त्यसो हो भने द्वितीया–कोटिका मानवको अस्तित्व संसारबाट उठ्नेछ र अन्तमा यसो भन्नु पर्नेछ मानव उदाउँदो र अस्ताउँदो अन्तहीन क्षितिजको फिरन्ते जाति हो जो कदापि एकासनमा स्थिर भएर रहन सक्तैन।

यथार्थमा भूमिपुत्र मानव र यायावर मानवको वर्गीकरण गर्ने मापदण्ड के हो त्यो पत्ता लगाउने सजिलो माध्यमको रूपमा नृवंशशास्त्रको अध्ययन हुनसक्छ। यस माध्यमबाट सांस्कृतिक संरचनाका मूलाधारहरू पत्ता लगाउन समेत सजिलो हुनजान्छ। तसर्थ नेपालमा युगौं-देखि स्थिर रही आएका भूमिपुत्रहरूका सम्बन्धमा वैज्ञानिक ढङ्गले खोजबीन गरी तथ्य पत्ता लगाउने कार्यमा प्रस्तुत प्रसंगले आशानुकूल योगदान पुऱ्याउला भन्ने अपेक्षा राख्न सकिन्छ।

## १.४.१. अन्वेषणक्रम र औचित्य

नेपाली जगतले आफ्नो वास्तविकताको खोज गर्ने प्रवृत्तिको विकास गरेको धेरै समय भएको छैन। तथापि यस सम्बन्धका मूलभूत प्रकाशको बृद्धि हुँदै गएको यथार्थ सत्य कदापि बिर्सन सकिदैन। यद्यपि नेपालमा सैद्धान्तिक मानवशास्त्रको अध्ययन अन्वेषण प्रवृत्तिको नवप्रभात छ भनेर स्वीकार पनि गर्नु परेको छ।

मानवशास्त्रीय अध्ययन अन्वेषण क्षेत्रमा नेपाली प्रवृत्ति पछि परिएको छ भनेर पनि युगसापेक्ष प्रगति गर्न नसकिनुमा अनेक बाधा र कठिनाइ हुन सक्लान् तथापि सम्प्रति त्यता लाग्नु छैन। वस्तुतस्तु नितान्त आवश्यक भएको छ विद्यमान समस्याको समाधानको खोज गर्न सुगम वैज्ञानिक उपाय। वश्, त्यस उद्देश्यपूर्तिको लागि नेपालीकरणका कारकहरू एक एक गरी पहिल्याएर, परिमार्जन गरेर अन्तर्मुखी प्रवृत्तिको विकास गर्नु। तसर्थ प्रस्तुत पंक्तिहरू त्यस उद्देश्यपूर्तितर्फ उद्यत छन्।

नेपाली नृवंश अध्ययन गर्दा जुन मौलिक आधार सामग्रीको अपेक्षा गरिन्छ त्यस अनकूल प्रारम्भदेखि पाँच पाँच रूढसंख्याको आधारबाट गर्दै आएका सम्बन्धमा हामी-ले नेपालीकरणका सांस्कृतिक पूर्वाधार, नेपालीकरणका पाँच कारकहरू, नेपाल सौरभी तथा राराको सौराइ जस्ता प्रतिकृतिमार्फत् पूर्वप्रकाश पारेका छौं। तसर्थ यस प्रसंगमा निर्दिष्ट विषयमै छलफल सीमित राखौं।

## १.४.२. औचित्यको विवृत्ति

प्राचीन तथा मध्यकालमा पश्चिम नेपालमा एउटा दुर्दान्त र अपराजेय शक्ति थियो भन्ने ईषदाभास कतिपय विद्वान्हरूका सातत्य प्रयत्नले गराएको हो। साथै पश्चिम नेपालबाटै उद्बुद्ध चेतनारूप शब्दपुष्पहरू तादी नै पूर्वतर्फ व्यापक रूपमा जनमानसमा मुखर नभएको होइन। जस्तो–नेपाली लोकसाहित्यमा विनोदात्मक शैलीमा प्रस्फुटित हुने अभिव्यञ्जन "मिजारौ ! मिजारौ !! यति आँसी बनाइ-देऊ लालीधार लगाइदेऊ खाँ चापिचल्लाका बच्चा नबच्चा" साथै ज्योतिषीहरूले जन्मपत्रिकामा सगर्व उल्लेख गर्दै ल्याएको वाक्यांश "श्रीमती जावेश्वर विषये कुलान्त राज्ये" जस्ता वाक्यहरूले वर्षौं पहिले नेपालीलाई उत्प्रेरित नपारेको होइन। एवंरीत्या नेपाल बाहिरका प्रबुद्धवर्गले समेत आफ्ना रचनामार्फत पश्चिमी नेपाल अथवा पूर्वी मानस प्रदेशका त्यस शक्तिको अस्तित्वको संकेत नगरेका होइनन्।[1] तापनि प्रारम्भमा मेलोमेसो पाइएन।

वर्षौंको अनवरत चिन्तन, मनन र अभ्यासको फलस्वरूप त्यस शक्तिको सत्यता प्रकाशमा आयो। तत्पश्चात् जान्न पाइयो माध्यमिककालकै पनि लगभग पाँच-सय वर्ष दुर्धर शक्तिको रूपमा रहेको खश–साम्राज्य गौण

रहेको रहेछ । त्यसले प्रभावित पारेका अनेकथरि जन–समुदायहरू नेपाली निजस्वका चहकिला किरणहरू रहे–छन् । यस्ता किरणहरूका तेजपुंज, उपर्युक्त अभिव्यञ्जनका प्रतीक, जन्मपत्रिकामा फुलिरहेको शब्दपुष्पका श्रीमती जावेश्वर विषये कुलान्त राज्येका संस्थापक र नवनिर्माता रहेछन् खश-सम्राट् नागराज ।[2] यस रहस्योद्‌घाटनपछि विदित हुन आयो नेपालीत्वको उद्‌गम–स्रोत जान्नका लागि कतिपय प्रस्रवणको अध्ययन मनन चिन्तन गर्नु अत्यावश्यक रहेछ ।

नेपाली जातिको उत्पत्ति मुख्यत: प्रमुख पाँच महा-समुदायको उत्तराधिकारबाट भएकोले त्यसपछिका काल–क्रम अनुकूल भएका विभाजनहरू आत्मालोचन र आत्मदर्शन जस्ता दुर्वैथरि प्रयोगमा उपयोग हुन सक्ने आधारका अर्थ-परक छन् । जस्तो प्रारम्भका पाँच महासमुदायको नाम लिऔं १. खश २. मकर ३. नागर ४. किरात ५. तंगण ।[3] त्यसरी नै गोत्रको आधार पनि पाँचै पाइएको छ । १. काशी गोत्र वा काश्यप गोत्र २. पर्वत गोत्र ३. सुवर्ण गोत्र ४. वत्सल गोत्र वा रवि गोत्र ५. मानव गोत्र वा समुन्द्र गोत्र । यस आधारमा गोत्रद्वारा विभाजित नेपाली समाजको स्वरूप सम्बन्धमा अनुशीलन मनन गर्दा निस्सन्देह पाँच कारकमै प्रतिवद्ध एवं वर्गीकृत पाउन सकिएला । जस्तो- १. काश्यप-कपिल । २. कौशिक–मुद्‌गल । ३. अग्नि–आंगीरस । ४. वाशिष्ठ-पाराशर । ५. अत्रि–आत्रेय । यिनै पाँचका समूह तथा उपसमूहको कारकले कालान्तरमा विस्तृतीकरणको नीति अवलम्बन गरेको अनुभव हुन्छ ।

पूर्वोक्त पाँच कारकका उत्तराधिकारीहरू क्रमश: खश (खश–ब्राह्मण क्षेत्रीय), मकर–मगर, नागर–नेवार, किरात तथा तामाङ, गुरुङ, शेर्पा थामी आदि । यिनीमध्ये खश समुदायका एक पक्षको आविर्भाव यस प्रकार निर्देश हुँदै आएको अनुभव गरिन्छ जो मुख्यत: क्षेत्रको आधारमा विभाजित छ– १. खप्तडी २. श्रीपाली ३ सिजापति ४. कालीकोटे ५. खुलाल । यी पाँच समुदायका मष्ट झाँक्री तथा राज्यकी इष्टदेवी अलग-अलग छन । जस्तो– खप्तडीका खापडमष्ट जालपा देवी र धौले झाँक्री । श्रीपालीका आदिमष्ट ऐराठ वैराठ कुलदेवी, सुर्मादेवी र बूढा झाँक्री । सिजापतिका लाटेमष्ट, सुन्दरीदेवी र रिट्ठे झाँक्री । कालीकोटेका कावाशिल्ला र कागेमष्ट मालीकादेवी र सुना झाँक्री । खुलालका क्षेत्रपालमष्ट, विन्दबासिनीदेवी र भूरे झाँक्री ।[4]

उक्त तालिका अनुसार विभाजित यी पाँच समुदाय-का वर्चस्व जातीय बन्धनमा प्रतिबन्धित नरहेको स्वच्छन्द र उन्मुक्त विचरित छन् । यस अस्तित्वले उक्त महासमुदायका अङ्ग प्रत्यङ्गमा समेत प्रत्यक्ष एवं अप्रत्यक्ष रूपले स्पर्श गरेको पाइएको छ ।[5] अतएव निर्दिष्ट तालिका बमोजिम सांगोपांग अध्ययन मनन गर्न यस्ता लघु प्रयासबाट कदाचित सम्भव हुँदैन । त्यसकारणले पहिलें नै प्रस्तुत छलफल एउटा समुदायको पनि एक पक्षसंग सम्बद्ध रहेको छ भनेर सनम्र निवेदन गर्नु परेको हो ।

विश्वस्त सूत्रबाट विजीगीषु खश–सम्राट् नागराज श्रीपाली वंशका थिए भन्ने जानकारी पाएपछि यस विषय–लाई जनसमक्ष प्रकाशमा ल्याउने औचित्यको विवृत्ति मुखर भएको हुँदा यस अध्ययनको व्यापकता स्थलगत अध्ययनमा पुगेको छ । नृवंशशास्त्रको अथवा मानवमितिशास्त्रको अध्ययनका दृष्टिले सम्बन्धित क्षेत्रमा पुगी अध्ययन अन्वेषण गर्दा प्राप्त हुन आएका वंशावलीका पुराना लिखितहरू यसका मूलभूत आधार हुन आएका छन् । त्यस दृष्टिले यसमा सहारा अध्ययन र सन्दर्भ स्रोतमा आंशिक रूपमा न्यूनता खड्कन सम्भव छ ।

नेपालीकरणका कारकहरूमध्ये खश महासमुदायको अङ्गमा सिजापति समुदाय अगुवा ठानिनु पर्ने थियो ।[6] परन्तु पूर्वीसपादलक्ष अर्थात् पूर्वीमानस प्रदेशमा साम्राज्य निर्माण जस्तो महति अभीप्सा लिएर उदाई शासनारूढ हुनमा सफलता पाउने समुदायमा श्रीपाली समुदाय देखिन आएको छ । किनभने वर्तमान अवस्थामा जुन भू–भाग ताकलाखार, यारी र खारीका नामले जान्न पाइएको छ त्यस भूभागलाई लगभग संवत् ८०० देखि क्रमश: १२८० का आसपासमा कूर्माञ्चल वा कराचल भनिन्थ्यो भन्ने आभास पाइएको छ ।[7] त्यसअघि त्यस भू–भागको नाम श्रीपाल रहेको थियो । त्यसका छिमेकी देशहरू थिए - दक्षिण–पूर्वमा शैलदेश र गढवाल, पश्चिममा सुवर्णभूमि र स्रुघ्नदेश, उत्तर-पश्चिममा देवभूमि, दानवभूतल र स्वर्ण-प्रस्थ, पूर्व–उत्तरमा देवह्लद र नीलाचल ।[8] यी देशहरूको स्थिति अनुमान गर्दा श्रीपालभूमि वर्तमान पश्चिमी तिब्बत,

कुमाउँको सिरा, दानपुर, जोहार लगायत सिरमौरदेखि नेपालका, दार्चुला, बझाङ, बाजुरा र हुम्ला जिल्ला समेत पर्दथ्यो भन्ने अडकल गरिएको छ । स्वभावतः स्वर्णप्रस्थ अथवा खारी प्रदेशको राजधानी र पछि श्रीपाल राज्यको राजधानी बन्न पाएको ताकलाकोट आठौं शताब्दीतिर समृद्ध राजधानी थियो भन्ने कुराको पुष्टि बहुधा विद्वान्हरूले गरेका छन् ।

अन्ततोगत्वा यस परिप्रसङ्गमा यति उल्लेख गर्नु कर्तव्य भएको छ श्रीपाली वंशको खोजमार्फत् नेपालमा नृवंशको खोज गरिने प्रवृत्तिमा मनाक् प्रकाश पर्नेछ । त्यस दृष्टिले यदाकदा प्रसङ्गवश स्थानीय किंवदन्ती एवं लोकोक्तिको औचित्यले पनि कम मार्मिक अनुभव गरिंदैन । त्यसैले पूर्वोक्त अभिव्यञ्जनाको महत्वसंग यस जनश्रुतिको समेत औचित्य महसूस गरिएको छ– 'सिजापति जालन्धरी महाराज तीनशय चौसट्ठी वर्ष बाँच्या' जस्ता ।

## २.०. उद्देश्य

श्रीपाली वंशावलीको अध्ययन अन्वेषणको मूलभूत उद्देश्य जे थियो त्यस सम्बन्धमा पूर्व परिच्छेदमा पनि यत्‌किंचित उल्लेख गरेका छौं । त्यसमा पनि खश समुदायका अनेक डफ्फा र प्रकारान्तरको एकसाथ प्रवेश नभई ईशापूर्व दुई हजार वर्षदेखि आठौं शताब्दीको प्रारम्भसम्म भएकोले तदनुरुप आस्था र प्रतिष्ठामा नजानिंदो पार्थक्य देखिन्छ । त्यस पार्थक्यले चाहिं पूर्वोक्त विभाजनमा प्रत्यक्ष भेद राख्तैन । जसमा कोही अग्निपूजक, कोही सूर्यपूजक, कोही चन्द्रपूजक तथा कोही वरुणपूजकमा पर्दछन् । यसपछि वर्तमान नेपालमा विभिन्न मार्गबाट विभिन्न जातिका मानिसको प्रवेश पनि सर्वथा उपेक्षित हुँदैन । त्यस अर्थमा नेपालीको निजस्व र वर्चस्वको आधार केहो भन्ने प्रश्न आइपर्दा त्यसकै उत्तरका लागि पनि नृवंश अध्ययन अपरिहार्य हुन आएको छ ।

समाज संस्कृति र नृवंशशास्त्र अध्ययनका प्रमुख स्थलहरू मुख्यतः पाँच वटा मानिन सक्छन् । जस्तो ब्रह्मपुत्र प्रस्रवणको इलाम क्षेत्र, कोशीप्रस्रवणको माझ किरात (भोजपुर) क्षेत्र, बागमती प्रस्रवणको काठमाडौं उपत्यका क्षेत्र, गण्डकी प्रस्रवणको म्याग्दी–बेनी उपत्यका क्षेत्र र कर्णाली प्रस्रवणको सिजा उपत्यका क्षेत्र । त्यस दृष्टिले प्रस्तुत पुष्पिकामार्फत् पूर्वमध्यकालमा कर्णाली प्रस्रवणको सिजा उपत्यकाबाट मौलाएको, उक्त मितिमा कश्यप सागरको पूर्वी तट त्यागी पामिरको पठार हुँदै पूर्व चित्राल जालन्धरतर्फ बढ्ने कुलान्त डफ्फाको एक समूह सूर्यपूजक थियो जो यस प्रसंगको विवेच्य विषय रहेको छ ।

## २.१. प्राप्ति प्रसंग

यसको जीवन्तता र सान्दर्भिक धारणामा हाम्रो मान्यता यस प्रकार प्रस्फुटित भएको छ– नेपाली समाजको रचनात्मक पूर्व पीठिका पुराणकालमा जोडिन पुग्ने पूर्वानुमान प्रबल भएर वैदिक समाजसित सम्बद्ध रहन पुग्ने अनुकल्पनाको पुष्टि मिल्दैछ । जीवित एवं प्रत्यक्ष प्रमाण खश र किरात खडा छन् जो वैदिककालमा पनि यस नामले परिचित थिए । इदमित्थम् खश र किरात समुदायले युगौं युग पार गरेर पनि अद्यावधि अपरिवर्तित रहन सक्नु कम स्पृहणीय विषय होइन । उक्त समुदायसँगै सहचर्यमा रहेका भिल्ल, किन्नर, पुलिन्द, सबर, दरद, पुलोम र पारदहरू परिवर्तित भएर कहाँको कहाँ पुगे । तथापि यी दुई समुदाय भने अन्यत्र बसाइ सरी गएका बाहेक नेपाल धरातलमा प्रवेश गरे जति उही नामले जीवित छन् । साथै महाभारतकालमा यस पर्वताश्रयिन धरातलमा विचरण गर्ने अन्य प्रजातिहरू तंगण, परतंगण, पल्लव, कुलिन्द, आभीर, देव, नाग, गन्धर्व, असुर, यातुधान इत्यादि कहाँका कहाँ पुगे । परन्तु यी दुई जाति एकात्मना झैं रहेका छन् ।

मानवशास्त्रीय सिद्धान्त अनुसार वर्तमान नेपालको पश्चिमोत्तर भागमा पर्ने पश्चिमी तिब्बत (एक समयको दानवभूतल जो एक समयको खारीप्रदेश) जसले कालक्रम बशात् स्वर्णप्रस्थ, पूर्वीसपादलक्ष, असूर्य, दानवदेश, तंगण–देश, पुलिन्ददेश, मानस–प्रदेश आदि नामले प्रख्यात रह्यो त्यस प्रदेशमा नार्डिक आर्य–खश जातिको प्रवेश भयो ।[9] ईशापूर्व दुई हजार वर्षदेखि मध्य एशिया छाड्न विवश बनेका चापिशली[10] शाखाका सूर्य उपासक खशहरू पामिर–घाटी पार गरी चित्राल जालन्धर तथा मेरू पूर्वको अश्वपति र लवणिका (स्पीती र गिलगीत) आइपुग्दासम्म यस समूहलाई लगभग अठ्ठाइस सय वर्ष लागेको अनुमान गरिन्छ । यस अघिको समूहले विक्रमको दोस्रो शताब्दीतिरै

पूर्वीसपादलक्षमा[11] प्रवेश गरेको भए तापनि त्यस समयमा परी आएका दैवी तथा सम्भावित विप्लवको सामना गर्दै आउँदा यस शाखालाई लगभग छ सय वर्ष बढी लागेको थियो। यस घटनालाई रोमाञ्चकारी घटना मान्न सकिन्छ तापनि यो समूह सभ्यताको जनक बन्न सक्यो सकेन त्यस सम्बन्धी पूर्वाभासको प्रायः अभाव रहेको छ।

खश जातिको सांस्कृतिक पृष्ठभूमि एवं इतिहासको जीवन्तता 'मष्ट' देखापरेको छ जसको संक्षिप्त चर्चा पूर्वपृष्ठमा गरेका छौं। वस्तुतः हृदयंगम गर्दा खश जातिको मष्ट निराकारको प्रतीक रहेको अनुभव हुन्छ। तथापि यसै परिपृष्ठमा व्यक्त गर्नु पर्दा यसरी मष्टप्रति ईश्वरीय आस्था र विश्वासको समर्पण नै सर्वस्व ठानिआएका जातिको पुरातन अवस्था शिकारी र आक्रमणकारीको रूपमा परिचित थियो भन्ने अनुमान गरिएको छ। त्यस्तो अवस्था परित्याग गरी नयाँ सभ्यता ग्रहण गर्न कृषि र पशुपालन बृत्ति अपनाउनु परेको थियो भन्ने मान्यता सर्वमान्य भएको छ।[12]

सान्दर्भिक शाखा जो प्रारम्भमा लवणिका र दानवभूतलमा अधिशासक र शक्तिपुंज रह्यो त्यसले पूर्वीसपादलक्षमा समयानुकूल साम्राज्यको नीव बसाल्न सबल प्रयास गर्नु र केही अंशमा सफलता हासिल गर्नु कम उल्लेखनीय प्रसङ्ग होइन। पूर्वोक्त लोकोक्ति अनुसार लामो अवधिसम्म अकण्टक राज्यको शक्तिपुंजको रूपमा सिंजामा शासनारुढ रही सिंजापति—जालन्धरी पदवी धारण गर्न सफल रहेको देखिन्छ। लगभग पाँचसय वर्ष अकण्टक राज्य गर्न सफल रहेको वंशलाई लोकले अवतार पुरुषको प्रतीकमा लिंदै तीनसय चौसट्ठी वर्ष बाँच्या भनेर लोकोत्तर सम्मान ज्ञापन गर्नु सुहाउँदो कुरा हो।

यो वंशावली पाइने सम्भावना नदेख्ता ती विजिगीषु नरशार्दूलहरूको थिए, कताबाट आएका थिए र अन्तमा तिनीहरूका सन्तानहरू कता बिलाए वा कसमा विलीन भए इत्यादि कुरा कौतुहलको विषयमा परे तापनि जान्न पाइएको थिएन। एक मात्र आधार लोकोक्तिमा पनि यिनीहरूलाई जाडराजा अथवा भोटेराजा भन्नुभन्दा बढी कुरा सुन्न बुझ्न पाइएको थिएन। यस अज्ञात अवस्थाले गर्दा एक विशाल भू—भागको ऐतिहासिक श्रृङ्खलामा नै प्रश्न—चिह्न लाग्नु स्वाभाविक थियो। बाहिरबाट इतिहासकारहरूले पूर्वीसपादलक्ष (डरीयात्से चपराङ पुराङ) को अस्तित्वबारे इङ्गित नगरेका पनि होइनन्, यद्यपि दृष्टिकोण अनुकूल नभए तापनि गरेको बुझिन्छ। तथापि अन्वेषणको अभावमा ज्ञात अज्ञातको कुनै निष्कर्ष पाइएको थिएन। तसर्थ ती नरशार्दूलका प्रादुर्भाव प्रसङ्गमा स्वीकार्य हुन सक्ने एक दुई सकेतहरू यहाँनेर उल्लेख गरेर नै प्राप्ति प्रसङ्गको गोहो खिच्नु मनासिब होला। संकेतहरू यस प्रकार छन्—

(१) ईशापूर्व दोस्रो शताब्दीतिर कश्यपसागरको पूर्वीतट कश्यपगिरिका केही कुश जातिहरू जो अग्निपूजक—संग सामान्य भेद राख्दथे सूर्यपूजकबाट परिचित रहे। तिनमा सरत्ति, पिनस, विरथस, अभिरथस, जिमस, देहुस, लथुस आदि उल्लेखनीय पराक्रमी पुरुष थिए। परन्तु कालान्तरमा कशान्त र शकान्तमा विभाजित हुन पुग्दा आपसमा सङ्घर्ष चल्यो र कशान्तमध्येको एक समूह पैतृक स्थल त्याग्न विवश भयो। पूर्ववर्ती विभाजन जो आपिशली, चापिशली, कुशली र माण्डली प्रकारले भएको थियो। त्यस अनुपातमा यो दोस्रो विभाजन कम संवेदनशील भए पनि नित्य नूतन प्रयोगका कारणले गन्तव्य भिन्न रह्यो। फलतः त्यो समूह जसले ईशापूर्व पाँचौं शताब्दीतिर पैतृकस्थल त्यागी यूराल पर्वतको पुरै भाग त्यागेर पामिरघाटी पार गरी कुशद्वीपको पूर्वी भाग चित्राल, जालन्धर तथा गिलगीततर्फ प्रवेश गर्‍यो अत्यन्त दुर्धर थियो।[13]

(२) सिन्धको इतिहासका विषयमा प्रचुर सामग्रीहरू उपलब्ध छैनन्। सम्राट् हर्षबर्धनभन्दा पूर्वको सिन्धबारे जान्न पाइएको छैन। यतिसम्म निर्विवाद छ कि प्राचीन केकय, गान्धार, बाह्लीक आदि देशहरू यसै सिन्धभूमिमा पर्दथे र यस भू-भागलाई प्रारम्भमा (एक समय) शाकद्वीप भनिन्थ्यो। शाकद्वीप भन्नुको अभिप्राय थियो पारियात्र पर्वत कश्यपगिरिभन्दा केही पश्चिम कश्यपसागरको पूर्वीतट र कुशद्वीपको पश्चिमी भागमा पर्दथ्यो। केही पूर्व कशाक्त (कज्जाख) र पामिरको पठार छोड्न बाध्य भएका खश जातिले यस भूमिलाई आफ्नो उपनिवेश बनाएको थियो। कुश जातिको अपभ्रंश 'कश' र कशको व्यत्यय 'शक' एउटै जाति मानिने हुनाले खशको उपनिवेशलाई 'शकद्वीप' अर्थात् शक जातिको अधिकृत भूमि भनिन थाल्यो। कालान्तरमा त्यही जाति पश्चिमोत्तर भारतको

पर्वतीय भागमा दुर्धर शक्तिशाली रहेको थियो ।[14]

अन्ततोगत्वा यी दुई संकेतमार्फत् हामीलाई यस्तो अनुभव हुन्छ पूर्वीसपादलक्ष एक अजेय शक्तिको रूपमा प्राचीनकालमा उदाएको थियो । जसलाई स्थानीय हिसाबले प्राक्खशयुगीन वैभव मान्न सकिएला, परन्तु त्यसको खोजीनीति भएको रहेनछ ।

यसपछि प्रस्तुत वंशावलको प्राप्तिपूर्व हामीले पाएको पूर्वाभासको संक्षिप्त चर्चा गर्नु नितान्त प्रासंगिक हुनेछ । लगभग यसै चासोका बशिभूत भएर नै मित्रजनका सहयोगद्वारा हिमाञ्चल–प्रदेश अन्तर्गत स्पीती लदहौलको यात्रा गर्ने अवसर मिल्यो । त्यहाँको अथाह भग्नावशेषको अवलोकनपश्चात् हृदयमा जुन धारणा उद्‌बुद्ध भयो त्यो सदा अविस्मरणीय रहेको छ । त्यस प्रदेशका जनजीवनको निकट सम्पर्क साथै विनोदमय 'जुले जुले' शब्दमा बोलिएको शिष्टाचार अभिवादनले जस्तो प्रभाव पार्‍यो सम्भवतः त्यही नै यस दिशाको अमूर्त प्रेरणा भनुपरेको छ । त्यस्तै स्थानीय विद्वान्हरूको संसर्गले ज्ञानैषणाको तीब्र क्षुधा जुन रूपमा शान्त गर्ने अवसर मिल्यो त्यसकै फल हो यो प्राप्ति पनि ।

सम्भवतः प्रस्तुत टिपोट र पूर्वोक्त मतहरूकाबीच सामञ्जस्य नआउला, परस्पर विरोधाभासपूर्ण हुन जाला त्यो कुरा अलग भयो । त्यस मतान्तरलाई अलग राखेर मध्यदृष्टिले विद्वद्‌जनका विवेचना भएका खण्डमा यस प्राप्तिलाई राष्ट्रिय उपलब्धि मान्दा शायदै अनर्थ होला ।

यस आशयको पहिलो टिपोट 'प्रज्ञा' पत्रिकामा प्रकाशित गरेका छौं, किन्तु त्यो चाहिं यसको सौदामिनी प्रयाससम्म हो । त्यस अनुसार पनि ज्ञातव्य हुन आएको छ विक्रमीय सातौं शताब्दीको मध्यतिर सिन्धको राजधानी 'अलोर'का नरेश साहसीराय र मेसोपोटामियाको राज–धानी बगदादका खलिफा वलीदका बीचमा देवल र पीरलीवन जस्ता सीमान्त क्षेत्रका निहुँमा विवाद परी शीलवनमा खश -राजाहरूको सम्मेलन गराई साहसीरायले विजयश्री आफूतर्फ पारेका थिए । त्यस सम्मेलनमा कश्मीर बाहेक अरू सबै खश माण्डलिक एवं मण्डलेश्वरले भाग लिएका थिए । कश्मीरमा भने ठीक त्यसैताक तिब्बत-को रिंचन बोत्छे नामक तिब्बती विजेताले कश्मीरमा कचपच गरेको कारण थियो ।

एक प्रकारको शक्तिप्रदर्शन भन्न सुहाउने त्यस सम्मेलनपछि बगदादसंग त संझौता भयो तर यता आफ्नै आन्तरिक कलहका कारणले गर्दा आफ्नै सहोदर भाइ एवं योग्यमन्त्री 'चच'का षडयन्त्रबाट राजा साहसीरायको मृत्यु भयो ।

साहसीरायको मृत्युपछि खाली हुन आएको गद्दीमा चच बसेर साथै साहसीरायका विधवा रानी सिरामलासित विवाह समेत गरे । सिरामलाबाट दाहर जन्मिए । साहसीराय जातिका नाताले ब्राह्मण र धर्मका नाताले बौद्ध धर्मानुयायी हुंदा जनपदमा उनी अत्यन्त लोकप्रिय थिए । त्यसकारण चचको व्यवहार जनरुचि अनुकूल भएन । त्यसरी जनमानसमा आफू भिज्न नसक्नाको कारणले चचले दमनको सहारा लिएर आफूलाई नरुचाउने जनपदका बहुधा प्रजातिलाई जातिच्यूत गराए । यसरी अनादिकाल–देखि एकसूत्रमा संगठित रही आएको राष्ट्र बलमाथि अभेद्य परखाल खडा हुन आयो । वर्ण, गुण, कर्म र स्वभावका आधारमा जातिपाति छुट्याएका जनपदका इकाईहरूमा वर्ण व्यवस्था इतर खश, मकर, कठ, गूर्जर, जाट, योधी, मोदी, लोदी, अग्रहार सबर, लाट, मूरल, ङहाल, जाड, लोहान, ततान, बलान र चारण इत्यादि गणहरू इतरेतर चलन व्यवहारमा बाँधिए ।

जनजाति र सत्ताधारी समाजका बीचमा यस्तो अभेद्य परखाल खडा गरेका झण्डै चालीस वर्षपछि अर्थात् विक्रम संवत् ६९३ का लगभग सिन्धराज चचको मृत्यु भयो । चचको मृत्युपछि उनका पुत्र दाहर गद्दीमा बसे । वि. सं. ७३५ का लगभग बगदादबाट पुनः आक्रमण भयो । यस युद्धमा दाहरको पक्ष धार्मिक अनेकताले ग्रस्त जाति–पाति, छुवाछुत, ऊचनीच जस्ता भेदभावले ग्रस्त आपसी द्वेष र कलहले कुटकुट भरिएको रुढी र कुरीतिले जर्जर पारेको तितरबितर जनबलमा धर्मराएको अनि खलिफाको पक्ष धार्मिक एकता जातीय एकतामा टमक्क बाँधिएको संगठित शक्ति हुनाले बलिदको प्रखर सेनापति मुहम्मद बिन–कासिमको नेतृत्वमा आएको सेनाले सिन्धको विनाश गरायो । दाहरको युद्धस्थलमा मृत्यु भयो ।

सिन्ध विनाशको युद्ध विभीषिकाबाट बाँचेका खश, मकर औ ब्रात्यक आदि बहुधा प्रजातिका डफ्फाहरू दाहरपुत्र त्रय–जयादित्य, विनयादित्य र परमादित्य–संगै

करीव एकै समूहमा पुख्यौंलीस्थल त्यागेर पूर्वतर्फ बढे । त्यसै क्रममा सिन्धुदेखि ब्रह्मपुत्रका बीचका पर्वतीय भू-भाग-मा खश-संस्कृति व्यापक रूपमा मौलाएको अनुमान गरिन्छ ।

कता कता यस्तो आभास मिल्दथ्यो; परन्तु गौंडो पाउन सकिएको होइन ! तथा यसका केही वर्षपछि स्वदेशदर्शनका क्रममा पश्चिम नेपालको भ्रमणमा लागियो। त्यसै परिपृष्ठमा भारतका उत्तर प्रदेश तथा हिमाञ्चल प्रदेशको समेत भ्रमण गर्ने अवसर पाइयो। यस उपक्रममा बालेश्वरमा गिरीशबल्लभ जोशी र दानसिंह मुनरालसंग साहचर्य लाभ भयो। दानसिंहको संग्रहमा पढिएका वंशा-वलीमध्ये हामीले जान्न चाहेका केही वंशावलीहरू रहेछन्। त्यसमध्ये एउटा प्रस्तुत वंशावली पर्दछ जो क्रमसंख्या १ मा दिइएको छ। त्यसपछिको दोस्रो प्राप्ति कर्णाली अञ्चल अन्तर्गत कालीकोट जिल्लाको थिर्पु गाउँका रजवार लालबहादुर बम्म र सर्बजित बम्मसंग भयो। त्यसको संयोजन स्थानीय मधुसिंह बम्मले गर्नु भएथ्यो । लाल-बहादुरसंग शाके १४१० मा लिखित एक ताडपत्रे पाँच पानाको पुस्तक रहेछ। तसर्थ यो अरूभन्दा बढी विश्वसनीय लाग्यो। त्यसलाई क्रमसंख्या २ मा राखिएको छ। यद्यपि यसका एक दुई महत्वपूर्ण नामहरू सरोट गर्नेका असाव-धानीका शिकार भएका बुझिन्छन्। यसो हुनाको कारण त्यो पुस्तक अरूहरूलाई छुन दिन हुँदैन भन्ने उनीहरूको सोचाइ र अन्धविश्वासको प्राबल्य हो भन्न लागेको छ।

तेस्रो स्रोत सर्वविदित दुल्लूस्थित पृथ्वीमल्लको स्तम्भलेख हो। त्यस मार्फत दोस्रो स्रोतका छुट नाम समेत जान्न मद्दत मिल्ने हुनाले यसलाई क्रमसंख्या ३ मा राखि-एको छ। यसबाट हाम्रा विजिगीषु खश-सम्राट् नागराजको वंशवृक्ष ज्ञात हुनाका साथै नेपालीत्वका पञ्चमुहानीमा समेत उद्दीपित प्रकाश मिल्ने अपेक्षा रहन्छ । साथै क्रमसंख्या ४ मा तुलनार्थ तिब्बतेली स्रोतका केही नामहरू समावेश गरेपछि यस क्रमले पूर्णता प्राप्त गर्ला भनी ठानिएको छ।

## २.२. सम्बन्धित नामावली

### २.२.१. स्रोत दानसिंह मुनराल

(१) महर्षि कश्यप (२) आदित्य (३) देवसुत (४) बिन्दक (५) देवापि (६) विलभ (७) होत्र (८) होत्रक (९) अभूम (१०) विक्षु (११) तोत्र (१२) प्रतोष (१३) डिम्भ (१४) कुश (१५) होविल (१६) जिहल (१७) सगर (१८) असमन (१९) सतभान (२०) पम्फ (२१) प्रद्योत (२२) प्रतीम (२३) फति (२४) ताउ (२५) तोमर (२६) मिहिर (२७) द्रुह (२८) कुलान्त (२९) तोरमान (३०) प्रतिञ्ज (३१) तांगूर (३२) जिम्भ (३३) नाभा (३४) कनिस (३५) उद्बर्त (३६) सुहोत (३७) प्रस्तोक (३८) प्रसूत (३९) चाचु (४०) सिराय (४१) चच (४२) दाहर (४३) विनयादित्य (४४) सिन्धुज (४५) प्रविन्दस (दास) (४६) दुर्लभ (४७) द्रुमिल (४८) तामु (४९) जेजी (५०) जीहड (५१) सुस (५२) भागु (५३) राइमल (५४) द्युतिमान (५५) मरुत (५६) सुदेव (५७) श्रीदेव (५८) जाव (५९) नाभ (६०) नागराज (६१) चाप (६२) चापिल्ल (६३) क्राशिचल्ल (६४) क्राधिचल्ल (६५) क्राचल्ल, श्रीचल्ल (६६) अशोकचल्ल, दशरथ, जयन्त (६७) जितारीमल्ल, जालन्धरमल्ल (६८) अक्षयमल्ल, आदित्यमल्ल (६९) कल्याणमल्ल (७०) प्रतापमल्ल । (६८) रिपुमल्ल (६९) संग्राममल्ल (७०) प्राणमल्ल ।

### २.२.२. स्रोत रजवार लालबहादुर बम्म

अथ श्रीपालीबम्मको वंशावली

श्री गणेशायनमः ॥ अथ श्रीपाली बम्म ठकुरीको वंशावली लिख्यते ॥ सूर्यवंशी रामअंशी वशिष्ठ गोत्र वशिष्ठ इन्द्रप्रमद मरदावसु इति तीन प्रवर माध्यन्दिनीय शाखा आदिमष्ट, वाराहमष्ट, क्षेत्रपालमष्ट विन्दवासिनी देवी सावर्णी आस्पद मानी राजा सगरका सन्तानमा सत्य त्रेता द्वापर युगसम्म अलोर थाइमैं बस्या । तहाँपछि राजा प्रतिमनकी रानी वसुमनाका गर्भबाट श्रामरा जेजी सागर फिनी कमलका फूल सरह प्रथम राजा सत्यभान जन्मिया उनकी रानी सुकेशाका गर्भबाट रौतेला सत्रवायु भया। सत्रवायुले अलोरकन छाडिकन जालन्धर देशको कुण्डलीवन जाई रजायाका हुन्। उनका रौतेला प्रद्योत भया र प्रद्योत प्रतापी भया, ताहींबाटका प्रद्योतवंशी कहलायाका हुन्। प्रद्योतका प्रतीम भया तनका फति भया, फतिका ताउ भया, ताउका तोमर भया तनका रौतेलाकन मिहिर

बोलियाको हो । मिहिरका दुरुह भया तनका कुलान्तक भया तनका तोरमान भया तनका प्रतिञ्जा भया तनका तींगूर भया तनका जिम्भल तनका नाभा तनका कपिसा भया तनका उद्वत तनका सुहोत तनका प्रतोक तनका पहुँत तनका चाचु भया । चाचुका सिराय एक अपुर चच भया । चचबाटका दास भया तनका आदित्य भया तनका भोज भया तनका दास भया तनका दुल्लभ भया प्रतापी थिया । दुल्लभका दुम्मिक तनका तामु तनका जेली तनका जीहंड भयाका हुन् । जीहडका सुस तनका भागु तनका राइमल राइमलका मरु भया । राजा मरु कत्युरमा जाई रजायाका हुन् । सो नगरीमा रहँदा स्वामी कातिकको आराधना तपस्या गरी सत्कर्मद्वारा राजपाट चलायाको हुँदा सो पुण्य प्रतापले रौतेला कीर्तिमान जन्मिया ताहींमा तिनीकन वसुदेव भनी भन्याको हो । तिनकै पालामा कत्युरको नाम कार्तिकेयपुर रह्याको हो । उहाँपुछो तनका रौतेला द्युतिमान भया, तनका मरुतमान भया तनका सुदेव भया । राजा सुदेवका श्रीदेव भया । राजा श्रीदेवका राजा जाब भया । जावका राजा नाभ भया । राजा नाभका प्रतापी बडाराजा नागराजा भया । बडाराजा नागराजका पालामा कार्तिकेयपुरबाट राजधानी श्रीपाल खारीकोटथि सारियाको हो । तबैदेखि यस वंशकन श्रीपाली बोलियाको हो ।

बडामहाराजा नागराजले बडुवालराजा, रावल–राजा, पालराजा, थापाराजा, खड्काराजा, बिष्टराजा र जाडेराजाकन मारिकन खारीकोटको राज्य बढायाको हो । बडामहाराजाका पालामा दशै दिशा मारी जिती सिजान–गरीमा सुनको दरबार लगायाको हो ।

नागराजका चाप भया । राजा चापका प्रतापमा राज्यको बिस्तार बाह्लीक गान्धारसम्म भयाको हो । राजा चापका पाला कश्मीरका राजा सुरपीडले सौगात चढायाका हुन् । राजा चापका रौतेला चापिल्लराज भया । राजा चापिल्लराजका खराचल्ल भया । राजा खराचल्लका ऋधिचल्ल भया । राजा ऋधिचल्लका काशीचल्ल, श्रीचल्ल भया । काशीचल्लकन सिज नगरीको राज र श्रीचल्लकन देशको बाज मिल्याको हो । श्रीचल्लका पाला-मा अछाम लियाकोटको द्वाली मिल्याको हो ।

श्रीचल्लका राजा राजल्ल, राजा राजल्लका भामल्ल, राजा भामल्लका श्रीमल्ल र बरमल्ल दुई रौतेला भया । बरमल्ल अछाम सपुकाटयाका राजा भयाका हुन् । श्रीमल्लका रौतेला राजा श्रीचनबम्म भया । राजा श्रीचनबम्मका रौतेला तीन भया । तिनोको नाम कालुबम्म, दाखुबम्म, बागुवम्म हो । राजा बागुबम्मका रौतेला राजा चतुरबम्म हुन् । राजा चतुरबम्मका पाला हिन्दूराजा महाराणा प्रतापको र मुशलमान राजा अकबरको हल्दीघाटीमा ठूलो लडाइँ भयाको हो । त्यस लडाइँमा महाराणाथि राजा चतुरबम्मको सौगात गयाको हो ।

राजा चतुरबम्मका पालामा ब्रह्मदेउमा राज्य कायम भयाका हो । मलासमा दरबार लगाई, झिलिमिल्या ताल थुनी ब्रह्मदेउमा हाट लगायाका हुन् । राजा चतुर–बम्मका हरितालबम्म भया । हरितालबम्मले ब्रह्मदेउ राज्य छाडी लियाकोटमा फिर्ता आयाका हुन् । राजा हरिताल–बम्मका राजा अजैपालबम्म भया । राजा अजैपालबम्मका विजयपालबम्म भया । राजा विजयपालबम्मले डोटी बोगटानको राजा खेलथापाकन मारी डोटी सारीकोटमा दरबार लगायाका हुन् । राजा विजयपालबम्मका रौतेला शक्तिबम्म भया ।

राजा शक्तिबम्मका रौतेला सारीबम्म भया, सारीबम्मका नरसिंहबम्म भया, उनका रौतेला नरपालबम्म भया, नरपालबम्मका उदैबम्म भया, उनका वीरबम्म भया । वीरबम्मका धीरबम्म भया, धीरबम्मका संसारीबम्म भया । संसारीबम्मले मल्लो अछाम मारी सावलीकोटमा राज्य चलाया । राजा संसारीबम्मका रौतेला चन्द्रबम्म भया । चन्द्रबम्मका इन्द्रबम्म भया । राजा इन्द्रबम्मले तल्लो भैंसोल्या अछाम मारी हिच्मा नवाकोट बसाल्याका हुन् । हिच्मा नवाकोटमा राजा इन्द्रबम्मका रौतेला विशुद्धबम्म भया, विजानबम्म, सारुबम्म, दशरथबम्म भया । राजा विशुद्धबम्मका वसन्तबम्म भया । वसन्तबम्मका प्रीतिबम्म भया । प्रीतिवम्मका सुरजितबम्म भया । राजा सुरजितबम्मले अछाम बाजकोटको रैकाराजा मेदिनीजय मल्लकन मारी बाजकोटमा राज चलाया । राजा सुदत्त–बम्म राजा सुरजितबम्मका रौतेला हुन् । राजा सुदत्तका

कालीबम्म भया । कालीबम्मका पाला वाजकोटबाट जुमला गाचुलीकोटमा सारियाको हो । तहाँपुडो राजा कालीबम्मका रौतेला विशुद्धबम्म भया । विशुद्धबम्मले तिबूकोट चौरीको रानाराजाकन मारी तिबूकोटको महाराजी पायाका हुन् । विशुद्धराजका रौतेला राजा विक्रमजित भया । राजा विक्रमजितले पलाता माझकोटको रानाराजाकन मारी छत्तीसकर अकर अक्रयाई बाझकोटको महाराजी पायाका हुन् । राजा विक्रमजितका रौतेला हटिबम्म भया । राजा हटिबम्मले पलाता बाउनीकोटको छत्याल राजाकन हाँक दिई सात दिन सात रातसम्म जुद्ध गरी बाउनीकोटको महाराजी पायाका हुन् ।[A] राजा हटिबम्मका रौतेला राजा नरिबम्म, माइँला रतिबम्म कान्सा बिर्छामबम्म भया । राजा नरिबम्मले चुत्रीकोटको राजा मारी, बुढाकोटको राजा मारी, बदालकोटको राजा मारी, अनिकोटको राजा मारी महाराजी चलाया । यारी, अगाडु, पिलु, पोरख्या, लैफु, कवाडी, लालीकोट, ताडीको चौथो, आलिको गडो, तालीको माछो दुल्लू पटांगिनीको राज चलाया । तब महाराज नरिबम्मको महाराजी कायम भयाको हो । बाउनीकोटका राजा नरिबम्मले डंसिले खापडमष्टका धामी विजय बूढालाई धामी बसाली कुकुरका बिष्टिले लिपी गोबरले लिप्याँ भनी लिपी धामी पतुराउँदा खापडमष्ट रिसाइकन बाउनीकोट फुटाली आधा दरबार कुंडाकोट (कुंडादराँ–बाजुरा) काट्टियामा र आधा दरबार पलातादरामा पारी राज नाश गऱ्याको हो । राजा नरिबम्मको दम्भ र घमण्डले गर्दा श्रीपालीबम्मको राज टुट्याको हो ।

सन्तान समेत नाश हुन्या खण्ड देखियापछि राजा नरिबम्मले सत्य पुकारी बम्मको राज्य रहन्या, सन्तान रहन्या, भयापछि धनाया चली जाएस् बाँस पलाई जाएस् भनी बाँसको घना रोपी बाचा हाल्याका हुन् ।

राजा नरिबम्मका रौतेला कालीबम्म भया । उनले डंसिले खापडमष्टलाई बाईस धार्नीको घाँड, दश धार्नीको र लो चढाई अगिको अपराधको माफी मागदा डंसिले खापडमष्टले सन्तान नाश नहुन्या बचन दियाको हो । सिजापति सुनाचडी महाराजको सवारी अगाडु चौथामा भयाका बखत पैकेलाको खाँचो परी खोजतलास गर्दा कालीबम्म सामु पऱ्याकाले सुनाचडी महाराजले कालूबम्मलाई तारुपाते खाँडो पियालमुठे छुरी, अलंग्या लौडी दिई दुश्मनसंग लड्न पठाउँदा कालुबम्मले दुश्मनलाई हाँक पारी लडाइँ फत्ते गरी आउँदामा सिजापति सुनाचडी महाराज खुशी भई सुनाचडी पैह्ली जाऊ भन्दा मकन सुनाचडी चाहिंदैन सिजा राज्यभरमा लुटी–खाती, ढाँटी–खाती, ठगी–खाती बात नलगाउनू भनी मागेकाले कालु–बम्मलाई 'खाती' पद मिल्याको हो । त्यस दिनदेखि खाती बोलियाको हौं ।

कालुखातीबम्मका चेला सिगारुबम्म र उनका चार चेला भया– जेठा हित्तिम खाती, माइँला सुक्रिम खाती, साइँला साक्रम खाती र कान्छा सुन्दरे खाती । सिगारुबम्म खातीकी चेलीको नाम सुनकेशरा पड्याको हो । सुनकेशराकन सिजापति महाराज विक्रमकन व्याह अरिदियाको हो ।

राजा नरिबम्मका चार चेला हुन् – जेठा काली–बम्म खाती, माइँला रतिभान खाती, साइँला सारिन खाती र कान्छा सारुबम्म खाती । यो वंशावली लेखियाको मिति १८८८ मार्गशिर शुदी ५ मा हो । लेखन्या जोडासिंह खाती बम्म, पठानसिंह खातीबम्म हुन् ।। सद्दर ।।[B]

ताडपत्रको अन्तमा अर्थात् श्रीचल्ल शाखाको उक्त हरिबम्मसम्मका पुस्ताको उल्लेख गरी सकेपछि 'सिजापति महाराज पाट्ट' जनाएर यी नामहरू लेखिएका छन्:–

---

A. द्रष्टव्य:– राजा हटिबम्मसम्मका नामै नामहरू उक्त ताडपत्रमा लेखिएका छन् तर वाक्य संयोजन गरिएको छैन । यसमाको वाक्यशैली १८८८ मा लेखेको भने तापनि आधुनिक शैलीसंग धेरै मात्रामा मिल्ने बुझिएकोले धेरैपछि प्रतिलिपिकारको प्रभावमा परेको अनुमान हुन्छ । तसर्थ वाक्य गठन र लेखन खास पुरानो हो भन्न सकिंदैन ।

B. द्रष्टव्य:– यसपछि विस्तारमा वर्तमान पुस्तासम्मको नामावली उल्लेख छ जो निकट भविष्यमा 'कर्णाली अञ्चल दिग्दर्शन' को वंशावली सन्दर्भमा प्रकाशित हुनेछ ।

१. महाराजाधिराज काशीचल्ल २. महाराजाधिराज काग्रिचल्ल ३.महाराजाधिराज काचल्ल ४.महाराजाधिराज अशोकचल्ल खशराज ५. महाराजाधिराज जितारिमल्ल, राजकुमार जालन्धरीमल्ल ६. महाराजका अक्षयमल्ल, आदित्यमल्ल ७ आदित्यका कल्याणमल्ल ८. प्रतापमल्ल । राजकुमारी शकुनमाला शोभनमाला गेलालराजा पुण्यमल्ल-संग विवाह भयाका ।

६. राजकुमार जालन्धरीका रिपुमल्ल ७. संग्राम-मल्ल, सूर्यमल्ल, सागरमल्ल, आदित्यमल्ल, प्राणमल्ल । सागरमल्लका भोतानदराका रावल र बिष्ट हुन् । जाड बोलि छन । सूर्यमल्लका सन्तान करानका जाड हुन् । 'खरेल' बोलिन्छन् । केही साउँद पनि कहिन्छन् ।

## २.२.३. स्रोत पृथ्वीमल्लको स्तम्भलेख:

१. नागराज २. चाप ३. चापिल्ल ४. काशिचल्ल ५. काधिचल्ल ६. काचल्ल ७. अशोकचल्ल ८. जितारि-मल्ल. आनन्दमल्ल ९. जितारिका अक्षयमल्ल, आदित्यमल्ल १०. आदित्यका कल्याणमल्ल ११. प्रतापमल्ल । आनन्दका ९. रिपुमल्ल १०. संग्राममल्ल ।[C]

सस्वयं नागराजस्य नैवाशेष यदन्वयम् ।
अथ गेलान्वय: पुण्यमल्लस्तत्राभ्यषिच्यत ।।

## २.२.४. तिब्बतेली स्रोत:

१. ल्दे-गचुग २. खोर-ल्दे, स्रोङ-ल्दे ३. खोरल्दे (देवराज) का नागराज । (चम्ब्रो नगरजइ थुप्प पुष्ठि) ४. ल्हे-ल्दे ५. ओद-ल्दे ६. चे-ल्दे (सम्वत् ११३२ का आसपास अनुमान) ७. दुङ-ल्दे ८. ब्क्र-शिस-ल्दे ९ भ-ल्दे । १०. ग्रगस्-ब्चन-ल्दे ११. अनमल-ए रुग-ल्दे १२. जिनदर मल १३. अजिग मल १४. कलन मल ।

चेल्देको समय ई. १०७६ प्राय: निश्चित छ, जसबाट आठौं पींढीमा अनमल (अशोकचल्ल– प्र०) पैदा भएथे । अर्थात् आठ–आठ पींढीका लागि जम्मा १२५ वर्ष लिने हो भने अनेकमल्ल र अनमल्लको समय एउटै हुन जान्छ । चाहे जेहोस् यो विचार गर्न लायक छ कि यतापट्टि नगीचै नै शङ शोङ (थोलिङ) इलाकातिर मल्ल नामधारी राजाहरू बाह्रौं शताब्दीका अन्तमा थिए[15] साथै पश्चिमी नेपालमा पर्वत गलकोट आदिका राजाहरू मल्ल कहिन्थे ।[D]

## ३. प्राप्ति समीक्षा

पूर्वपरिच्छेदमार्फत चर्चामा ल्याइएका विषयवस्तुमा यस वंशावली अध्ययन मननमा सुगमतापूर्वक सर्वबोध्य हुन सके लाभदायक हुँदो हो भन्ने सोचेर उक्त चारवटै स्रोतका नामावली र पाइएसम्म मत सम्मत सहित उतारिएपछि हामीलाई यस प्राप्तिले झण्डै ६६-६७ पुस्ताको वंश-श्रृङ्खलाबारेमा सोच्न र पुनरावलोकन गर्न उचित अवसर दिने अनुभव गरिन्छ । यसमा सालाखाला पच्चीस वर्षको एक पुस्ता मानी लिंदा पनि झण्डै सोह्रसय पचास वर्ष जति हुन आउँछ । त्यसउसले यसका आधारबाट केसम्म ज्ञात हुनसक्छ भने विक्रमको पाँचौं शताब्दीदेखि सातौं शताब्दीका बीच पश्चिमी नेपालमा आवाद हुन आएको खश परिवार पूर्वापरवर्ती परिवारको अपेक्षा आदित्य उपरान्त वा सोझै सूर्यउपासक रहेछ भनेर छुटयाउन र मनन गर्न सजिलो हुनेछ ।

अब आयो प्रसङ्ग केही चर्चित व्यक्तित्वको । त्यस-मा पनि विश्वसनीय प्रकीर्ण सजिलो छ जस्तो नागराज लगायतका प्रायश: शक्तिशाली पुरुषहरू बहुचर्चित थिए ।

C. द्रष्टव्य: - यस अभिलेखमा संग्राममल्लको मात्र उल्लेख छ । परन्तु सूर्यमल्लको ताम्रपत्र अभिलेख प्राप्त भएको र अन्य स्रोतले समेत स्पष्ट गरेकोले रिपुमल्ल-का सूर्यमल्ल लगायत निकै छोरा रहेछन् भन्ने बोध हुन्छ । यसभन्दा बढी जानकारीमा अन्वेषक मोहन-प्रसाद खनालले प्राप्त गर्नुभएको तिब्बतेली स्रोतसंग प्राय: मिल्दोजुल्दो नामावलीमा सूर्यमल्लका छोराको नाम मोतीमल्ल भएको जानकारी गराउनु भएको छ । इत्यादि कतिपय स्रोत-सूत्र अनुसार पनि करान भेक अथवा छार्का भेकतर्फ खोजी गरिएमा मोतीमल्लभन्दा पछिको नामावली पाइने बढी संभावना छ । यो स्रोत 'कर्णाली–प्रदेश एकबिटो अध्ययन (२०२८)' पृष्ठ ३५ को आधारबाट लिइएको छ । अन्य बहुधा अन्वेषणीय छँदैछ ।

D. यो स्रोत महापण्डित राहुल सांकृत्यायनकृत 'कुमाऊँ' (२०१५) पृष्ठ ६२–६५ का बीचको अंश हो, भाषा रूपान्तर गरिएको छ ।

जस्तो पूर्वोक्त अभिव्यञ्जनको तात्पर्यबाट अनुभव गर्न सकिन्छ हिमजिउ भनिएका नागराज जो श्रीमती जावेश्वरका सूत्रधार नै ठहरे; त्यसपछि चापजिउ लोकजिब्रामा आशीर्वचनमा मात्र नअटाएर रोष प्रकट गरिने शब्द-व्यञ्जनामा समेत प्रतीक बनेका छन् । त्यस्तै चाप मात्र पराक्रमी थिएनन् कि उनका पुत्र चापिल्ल झन् बलशाली थिए भन्ने अनुभव हुन्छ । चापिल्लपुत्र, काशीचल्ल, नाति क्राशिचल्ल र पनाति क्राधिचल्लको शौर्य वीर्य कुन प्रकार-को थियो तत्सम्बन्धमा व्यक्तिगत तवरका कुनै सूत्रहरू पाउन नसकिएको भए तापनि उनका उत्तराधिकारी क्राचल्लको प्रभावले स्वत: कीर्तिवन्त थिए भन्न सकिन्छ । क्राचल्ल र अशोकचल्लको प्रभाव एवं दूरदर्शिताका सम्बन्धमा आफूले केही व्यक्त गर्ने आतुरी दर्शाउनुभन्दा निम्न ललित पदावली स्मरण गर्नु पर्याप्त होला जस्तो लाग्दछ:—

क्राचल्लजोभूभृदशोकचल्लो दिग्भित्तिषु क्षान्तिलतां ततान ।
जितारिमल्लस्तनयोथ तस्य तस्यात्मजोथाक्षयमल्ल नामा ।१४।

(पृथ्वीमल्लस्तम्भलेख, इ. प्र. सं. सं. पृ. ७६७)

जितारिमल्लपछि आदित्यमल्ल. रिपुमल्लका सम्बन्धमा अपेक्षित प्रकाश पार्दै आएको छ । तसर्थ अपेक्षित नवोन्मेष प्राप्त गर्ने उद्देश्यले अध्ययन मनन गर्नु पर्दा त तिनीहरूका दिव्यताजन्य उद्दीपित किरणवलीहरू के कस्ता आभासित हुन सक्लान् तत्सम्बन्धमा नितराम दीर्घकालीन अध्ययन अन्वेषण हुनु आवश्यक छ । नत्र यस्ता हचुवा टिपोटबाट ठोस लाभ हुन नसक्ला ।

अन्ततोगत्वा पूर्वपरिच्छेदमा प्राप्ति-स्रोतको विश्वसनीयता जनाउँदा दोस्रो स्रोत बढी विश्वसनीय लागेको सम्बन्धमा पनि स्पष्टीकरणको अपेक्षा गरिएला, जो स्वाभाविक हो । त्यसको सोझो र संक्षिप्त उत्तर यसो हो— अन्य स्रोतले औंल्याएको प्रमाणभन्दा कार्यकारणले जसको नेकिबदि हो उसैले भनेको तथ्य यथार्थमा आधारित हुन्छ । यद्यपि यस स्रोतले सृष्टि सौरभबारे केही भनेको छैन तथापि सत्तासम्बन्धी निजी देय ग्राह्य हुने अर्थमा यसलाई बढी विश्वसनीय मात्र खोजिएको हो । जस्तो यस वंशको शासन समाप्त भएपछि सत्तारुढ पक्षको दमन र शोषण जसरी भोग्न विवश हुनु पर्‍यो त्यो दारुण कथा जसलाई पर्‍यो उसैसंग हुन्छ । तसर्थ त्यसभित्र घोरिंदा अझ नौला प्रकीर्ण र ज्ञातव्य तथ्यहरू प्रकाशमा आउने सम्भावना रहन्छ ।

प्राप्ति स्रोतका नामावलीहरू भिड्याउने तालिका-बद्ध कार्य बाँकी नै भए तापनि यसबाट मनन गर्दा आन्त-रिक कलहका कारणले सत्ताच्यूत हुनु, वंश विनाश हुनु, वैराठ जस्तो महानता बोधक विरुदावलीको सट्टा ऐराठ जस्ता असभ्यताको प्रतीक विरुदावली थपी पाउनु, हत्यारा र भुंडीफोरा जस्ता उपहासजनक पगरी पाउनु, जातिच्यूत हुनु र कालान्तरमा बल्लतल्ल मुक्ति पाउनु जस्ता घटनाहरू श्रीपाली वंशले भोग्दै आएको मननीय छ । त्यस्ता घटनाको चर्चा परिचर्चा व्याख्या र विमर्श आदि सबै विषयान्तमा दिइएको छ जो 'मध्यकाल तथा उत्तर-मध्यकाल' शीर्षकमा समावेश छ । यसको अभिप्राय केही होइन केवल वाचन मनन जस्ता मनक सुविधालाई ध्यान-मा राखेर नै त्यसो गरिएको हो । यसमा यत्ति ।

## सहयोगी सामग्रीहरू:—


वंशावली संग्राहक रजवार लालबहादुर बम्म, सर्वजित बम्म, नरबहादुर बूढा, शूरवीर शाही लगायतका संकलनबाट-

१. अर्जुन काश्यप— आदि भारत, पृष्ठ ४६१, प्रकाशक बाणी —विहार वाराणसी, सन् १९५३ ।

२. प्रा० बालकृष्ण पोखरेल —गोरखापत्र, वर्ष ८१, मिति २०३८।३।१२।

३. पूर्णप्रकाश नेपाल 'यात्री'— सांग्रिला, वर्ष १ अङ्क ४, सम्पादक— विजय चालिसे, प्रकाशक— विजय चालिसे २०३९ ।

४. प्रस्तोताको प्रकाशोन्मुख कृति — मध्यकालीन कर्णाली प्रदेशको सामाजिक इतिहास ।

५. " " नेपाल सौरभी ।

६. सेती अञ्चल दिग्दर्शन — प्रकाशक हिमाली सौगात

प्रकाशन, विराटनगर, नेपाल (२०३५) ।

७. यमुनादत्त वैष्णव 'अशोक'—कुमाऊँका इतिहास (१९७७ ई.) प्रकाशक— माडर्न बुक स्टोर्स, दिमाल, नैनीताल ।

८. प्रस्तोताको प्रकाशोन्मुख कृति—कर्णाली अञ्चल दिग्दर्शन ।

९. जनकलाल शर्मा—हाम्रो समाज–एक अध्ययन, प्रकाशक— साझा प्रकाशन, नेपाल (२०३९) ।

१०. आचार्य महावीरप्रसाद द्विवेदी—हिन्दी भाषाकी उत्पत्ति (१९५१) ।

११. प्रस्तोताको प्रकाशोन्मुख कृति— 'राराको सौंराइ' द्रष्टव्य छ ।

१२. पूर्णप्रकाश नेपाल— राउटे लोकजीवन, प्रकाशक— श्री ५ को सरकार, संचार मन्त्रालय, सूचना विभाग (२०४०)

१३. पुरुषोत्तमलाल भार्गव—प्राचीन भारतका इतिहास, प्रकाशक— द अपर इण्डिया पब्लिशिङ्ग हाउस लिमिटेड, अमीनुछौलापार्क, लखनऊ, १९६६ ।

१४. पूर्णप्रकाश नेपाल 'यात्री'—प्रज्ञा ४२, सम्पादक— प्रा० ढुण्डीराज भण्डारी समेत, नेपाल राजकीय प्रज्ञा–प्रतिष्ठान, कमलादी, काठमाडौं, नेपाल (२०४०) ।

१५. महापण्डित राहुल सांकृत्यायन— 'कुमाऊँ', पृष्ठ ६२–६५ (२०१५) ।

१६. कर्णाली अञ्चल परिदर्शनसम्बन्धी 'यात्री' प्रायः प्रकाशनहरू अधीतव्य हुनेछन् ।